annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२४ पृष्ठ ८ | काठमाडौं, बिहीबार ४ पुस २०८१ | पौष कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४५ | THURSDAY, DECEMBER 19, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

### कांग्रेसमा महाधिवेशनको सरगर्मी

# देउवा शान्त, शेखर अभियानमा

गत फागुनमा भएको कांग्रेस महासमिति बैठकले ०८२ मंसिरभित्रै पार्टीको १५औं महाधिवेशन गर्ने प्रस्ताव पारित गर्‍यो। त्यसलाई केन्द्रीय समिति बैठकले अनुमोदन गर्‍यो। उक्त निर्णयअनुसार अर्को वर्ष कांग्रेसले महाधिवेशन गर्नुपर्छ। त्यसैकारण कांग्रेसमा महाधिवेशनको रन्को लागिसकेको छ। डा. शेखर कोइराला आफू पक्षीय नेता/कार्यकर्ताको भेला/बैठक गर्न थालिसकेका छन्। शशांक कोइराला, गगन थापालगायतका आकांक्षी पनि महाधिवेशन केन्द्रित गतिविधिमा सक्रिय छन्। केही नेताहरू पार्टी सभापति शेरबहादुर देउवाको मुख ताक्दै अघि बढ्ने मुडमा छन्। ०८२ मा पार्टीको महाधिवेशन सम्पन्न गरेर ०८४ को चुनावी मिसनमा सिंगो पार्टी एकताबद्ध भएर होमिनुपर्नेमा कांग्रेस नेताहरूको एकमत छ।

समाचार पृष्ठ २

**राधा खनाल** | *काठमाडौं*

**- को रिपोर्ट**






## कोरियाका राष्ट्रपति युनले भ्रष्टाचार नियन्त्रण निकायसमक्ष उपस्थित हुन मानेनन्



**सियोल** (एजेन्सी): दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले देशको भ्रष्टाचार निगरानी निकायसमक्ष उपस्थित हुन अस्वीकार गरेका छन्। डिसेम्बर ३ मा सैनिक शासनको अल्पकालीन घोषणापछि संसद्ले उनलाई गत साता जिम्मेवारीबाट हटाएको थियो। राष्ट्रपतिको कदमले दक्षिण कोरियालाई दशकौंपछि सबैभन्दा खराब राजनीतिक संकटमा फसाएको छ।

भ्रष्टाचार अनुसन्धान कार्यालयका अनुसन्धानकर्ताहरूले उनलाई विद्रोह र शक्तिको दुरुपयोगको आरोपमा सोधपुछका लागि स्थानीय समयानुसार बुधबार बिहान १० बजे सियोलस्थित आफ्नो कार्यालयमा बोलाएका थिए। तर, उनी उपस्थित भएनन्।

योनहाप समाचार संस्थाका अनुसार युनको कानुनी टोलीले राष्ट्रपतिले अदालतमा मुद्दा लड्ने प्रतिबद्धता जनाएको छ। 'हामीले अनुसन्धान प्रक्रियामा सघाउने कुरामा बिमति राखेका छैनौं, अनुसन्धानमा सघाउने छौं,' युनको टोलीका सेओक डोङ-ह्योनलाई उद्धृत गर्दै समाचार एजेन्सी योन्हापले जनाएको छ।

भ्रष्टाचार अनुसन्धान कार्यालयले यसै साता युनलाई अनुसन्धानका लागि पठाएको पत्र राष्ट्रपति कार्यालयका एक व्यक्तिले बुझ्न अस्वीकार गरेपछि फिर्ता भएको थियो। अनुसन्धानकर्ताहरूले दोस्रो परिपत्रका लागि तयारी गरिरहेको बताएका छन्, तर भ्रष्टाचार अनुसन्धान कार्यालयका प्रमुख ओह डोङ-वुनले मंगलबार संसद्मा भने, 'अधिकारीहरूले गिरफ्तारी वारेन्ट जारी गर्ने वा नगर्नेबारे पनि 'छलफल' गरिरहेका छन्।

युनमाथि दक्षिण कोरियाली अभियोजकका साथै प्रहरी, रक्षा मन्त्रालय र भ्रष्टाचार विरोधी अनुसन्धानकर्ताहरूको संयुक्त टोलीले अनुसन्धान गरिरहेको छ। यो आरोपमा राष्ट्रपति र उहाँका निकटका केही सदस्यहरू दोषी ठहरिएमा आजीवन कारावास वा मृत्युदण्डको समेत सामना गर्न सक्छन्।

### प्रदेशका सभामुखको एकै स्वर

## 'संघीयता कार्यान्वयन कानुन छिटो बनाऔं'

**अन्नपूर्ण** | *पोखरा*

सातवटै प्रदेशसभाका सभामुखले संघीयतालाई बलियो बनाउने कानुन निर्माणमा जोड दिएका छन्। अन्तर व्यवस्थापिका संघको दशौं सम्मेलनमा उनीहरूले संघीयता कार्यान्वयन गर्ने ऐन नआउनु दुःखद् भएको गुनासो गरे। प्रतिनिधिसभा सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपाध्यक्ष विमला घिमिरे र सातै प्रदेशसभाका सभामुख सम्मिलित अन्तर व्यवस्थापिका सम्मेलन भएको हो।

तीन दिने सम्मेलन समापनपछि ७ बुँदे घोषणापत्र सार्वजनिक गरिएको छ। सम्मेलनले संघ सरकारबाट आवश्यक कानुनहरू निर्माण नहुँदा संघीयतामाथि प्रश्न उठेकाले कानुन निर्माणमा पहल गर्ने निर्णय गरेको प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले बताए। शिक्षा ऐन, निजामती सेवा ऐन, प्रहरी समायोजनका लागि आवश्यक कानुन नबनाई संघीयता मजबुत नहुने



प्रदेश सभाका सभामुखहरूले सम्मेलनमा जोडदार रूपमा उठाएका थिए। प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभा अध्यक्षले पनि उनीहरूको मतमा सहमति जनाएका छन्। संसदीय गतिविधिलाई व्यवस्थित गर्न अन्तर व्यवस्थापिका मञ्च बनेको छ। सम्मेलनले संघबाट बन्न बाँकी रहेका कानुन पहिचान गरी तुरुन्त निर्माणका लागि पहल गर्ने घोषणा गरेको छ।

संघीयता र संविधान कार्यान्वयनलाई तीव्रता दिन संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गत निर्माण गरिने कानुनको सन्दर्भमा तीनवटै सभाको परस्पर सम्बन्ध विकास गर्ने र बन्न बाँकी कानुनको अध्ययन र पहिचान गरी संघीय संसदबाट कानुन निर्माण गर्न पहल गरिनेछ।

सम्मेलनले कानुनको कार्यान्वयन मापन र उत्तर विधायिकी परीक्षणका लागि नियमावलीमा व्यवस्थित गर्ने, संसदीय अध्ययन, अनुसन्धान एवं प्रशिक्षणलाई व्यवस्थित गर्न अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्ने तथा जनप्रतिनिधि र कर्मचारीलाई निरन्तर प्रशिक्षणको व्यवस्थापन गर्न विधायिकी प्रतिष्ठानको रूपमा विकास गर्ने निर्णय गरेको छ। सरकारले सभामा पेस गर्ने बजेटसम्बन्धी कानुन र बजेटको अध्ययन विश्लेषण गरी अनुसन्धानात्मक सेवा दिन संसदीय बजेट कार्यालय बनाउने निर्णय गरिएको छ।

संघ र प्रदेशसभासँग सम्बन्धित ऐन तथा नियममा कानुनी प्रबन्ध गर्ने र त्यसको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय गरिएको सभामुख देवराज घिमिरेले बताए। यस्तै, संघ र प्रदेशसभामा संसदीय गतिविधिहरूको प्रसारण गर्न संसद्को आफ्नै च्यानल सञ्चालनका लागि पहल गर्ने निर्णय भएको छ।

संसदीय समितिका कामलाई प्रभावकारी बनाउन समन्वय सहजीकरण गर्न प्रदेश र प्रतिनिधिसभाको नियमावलीमा उपसभामुखको भूमिका स्पष्ट गर्न पहल गर्ने घोषणा गरिएको छ।

## रूसी तेल चुहिंदा कृष्ण सागर प्रदूषित

**मस्को** (एजेन्सी): रूसले बुधबार हजारौं टन तेल समुद्रमा चुहिएर समुद्री किनार प्रदूषित भएपछि सफाइ अभियान विस्तार गरेको छ। यो घटना तेल ट्यांकर जहाजहरू एउटा आँधीमा दुर्घटनाग्रस्त भएपछि भएको थियो। एउटा पुरानो रूसी तेल ट्यांकर टुक्रिएर डुबेको थियो भने अर्को मस्को-एनेक्स्ड क्रिमिया र दक्षिणी रूसको क्रास्नोडार क्षेत्र बीचको आजोभ र कृष्ण सागरलाई जोड्ने जलसन्धिमा रोकिएको थियो।

रूसको आपत्कालीन मन्त्रालयले बुधबार अनपा रिसोर्टबाट उत्तरमा टेमरुक बन्दरगाहसम्म ४९ किलोमिटर समुद्र तट सफा गर्ने र कूल ७० किलोमिटर समुद्र तटमा गस्ती गर्ने काम गरिरहेको बताएको छ।

दुई ट्यांकरले करिब ९ हजार टन तेल बोकेको र स्याटेलाइट अनुगमनले करिब तीन हजार टन तेल चुहिएको देखाएको सरकारी समाचार एजेन्सी तासले जनाएको छ। क्रिमियन समुद्री अनुसन्धानकर्ता सर्गेई स्टानिचनीलाई उद्धृत गर्दै बुधबार तासले स्याटेलाइट तस्बिरहरूले डुबेको ट्यांकरबाट अझै पनि तेल चुहिएको देखाएको रिपोर्ट गरेको छ।

# फेवाताल पुरिँदै, जलारीको पेसा मासिँदै

**कृष्णमणि बराल** | *पोखरा*

कुनै बेला जलारीले फेवातालबाट दैनिक २ हजार ३ सय किलोसम्म माछा मार्थे। त्यसबाटै करिब १ सय परिवारको रोजीरोटी चल्थ्यो। दुई चार हजारको खाँचो नै पर्दैनथ्यो। अहिले भने फेवामा माछा पाउनै मुस्किल छ। हिउँदका दिनमा पनि मुस्किलले २ सय किलोसम्म मात्रै माछा हात पर्ने गरेको उनीहरूको गुनासो छ।

फेवा पुरिँदै जानु, प्रदूषण बढ्दै जानु र माछाका चरिचरन मासिँदै जाँदा माछा कम हुँदै गएको जलारीहरू बताउँछन्।

फेवातालमा माछा मारेर पुस्तौंदेखि जीवन निर्वाह गर्दै आएका जलारी समुदाय ताल पुरिने क्रम तीव्र भएपछि चिन्तित छन्। कतै परम्परागत पेसा नै संकटमा पर्ने त होइन भन्ने उनीहरूमा चिन्ता छ। ताल पुरिँदा र प्रदूषणको चपेटामा पर्दै जाँदा माछाको उत्पादन घट्ने र व्यवसायमा संकट उत्पन्न भएको हर्पन फेवा मत्स्य सहकारी संस्थाका अध्यक्ष ज्ञानबहादुर जलारीले बताए। फेवातालको माछा मारेर ताल किनारमा बस्ने १ सय घर परिवारको दैनिकी चल्ने गरे पनि माछा उत्पादनमा कमी हुँदा समस्या पर्दै गएको उनले बताए।

तालको क्षेत्रफल घट्नु, प्रदूषण बढ्नु, माछाका चरिचरन, घोल, मासिनुलगायतका कारण तालमा माछा र हिउँदमा जाडो छल्न आउने चराको संख्या पनि घटेको अध्यक्ष ज्ञानबहादुरले बताए। २० वर्षअघि हिउँदमा दैनिक २३ सय किलोसम्म माछा तालबाट जलारी समुदायले निकाल्ने गरेकोमा पछिल्ला वर्षमा मुस्किलले २ सय किलोमात्र पर्ने गरेको उनले बताए। ०७२ सालमा वर्षायाममा तालको मुहान क्षेत्रमा गएको पहिरो सोझै माछाको पकेट क्षेत्र खपौदीमा पसेपछि माछासहितको केज नै पुरिएको थियो। त्यसबाट ठूलो नोक्सान भएको सहकारीका पूर्वध्यक्ष रामचन्द्र जलारीले बताए। त्यसपछि फेवातालमा केज कल्चर नै हराउँदै गएको पनि उनले सुनाए।



फेवाताल सरसफाइ गर्दै जलारी समुदाय। ● कृष्णमणि बराल

तालको मुहान क्षेत्रमा अव्यवस्थित रूपमा खनिएका सडकबाटोका कारण मुहान क्षेत्रमा वर्षायाममा जाने पहिरो तालमा सोझिँदा प्रत्येक वर्ष ताल साँघुरिँदै गएको पनि उनले बताए। आफूले जान्दा जान्दै ताल आधाभन्दा बढी पुरिइसकेको ६२ वर्षीय पूर्वअध्यक्ष रामचन्द्रले बताए। ताल किनारको मात्र होइन विन्ध्यवासिनी देखिको फोहोर फिर्के, बुलौंदी हुँदै तालमा मिसिँदा ताल प्रदूषणको चपेटामा पर्दै गएको छ। ताल किनारका होटल, रेस्टुरेन्टबाट उत्पादन हुने फोहोर पानी पनि तालमा सोझै पठाउने गरिन्छ। पछिल्लो समयमा ताल किनारमा गएर पिकनिक खाने, ड्राइफ्रुट लगेर खाने चलन बढेको छ। जथाभावी फ्यालिने प्लास्टिकजन्य फोहोर, बियरका बोतल, क्यान लगायतले तालको मुहान क्षेत्र पनि प्रदूषणको चपेटामा पर्दै गएको स्थानीय शान्ति जलारीले बताइन्। पहिले तालको पानी खाने गरेकोमा अहिले खान नहुने अवस्थामा पुगेको पनि उनले बताइन्।

**प्रत्येक महिनाको ३ गते माछा मार्न निषेध**

**जलारी समुदा**यले प्रत्येक महिनाको ३ गते ताल सफाइ अभियान चलाउन थालेको छ। सफाइ अभियानको दिनमा माछा पनि नमारी सफाइ अभियानमा जुट्ने गरेको हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञानबहादुरले बताए।

यस अभियानअन्तर्गत बुधबार जलारी समुदायले फेवातालको मुहान क्षेत्रमा सरसफाइ अभियान चलायो। सफाइ कार्यक्रममा ९८ जनाको सहभागिता थियो। ताल किनारमा खानेकुरा खाएर जथाभावी फ्याँकेका प्लास्टिकजन्य फोहर संकलन गरेका थिए। मानवीय व्यवहारले ताल प्रदूषणको चपेटामा पर्दै गएपछि यो अभियान थालिएको हो।